# रैनादेवी छहरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## छहरा, पाल्पा
## लुम्बिनी प्रदेश, नेपाल

०७५-६९१०२५
०७५-६९२३८३
V9F8+RM


च.न.
प.स.२०७९/२०८०

मिति २०७९/१२/२१

''गाई भैसिमा लाग्ने **lumpy skin disease** रोग सम्बन्धि अत्यन्तै जरुरी सूचना ''

गाई भैसिमा देखिने **lumpy disease (viral disease)** विगत वर्ष देखि नेपालको विभिन्न क्षेत्रमा फैलिदै आएको कुरा अबगत गराउदै हाल छिमेकी जिल्ला तथा पाल्पा जिल्लाका विभिन्न स्थानीय तहका गाई गोरुमा सक्रमण देखिएको र हाम्रो स्थानीय तहका वडा नं ६,७,र ८ मा त्यस रोग संग मिल्दो जुल्दो लक्षण देखिएकोले सो रोग विरूद्द नेपालमा भ्याक्सिन उपलब्ध नभएको र **(viral disease)** भएको हुदा त्यस क्षेत्रका पशुहरुबाट अन्य क्षेत्रका पशु हरुमा समेत सर्ने हुदा पशु ओसार पसार तथा चरन क्षेत्रमा नलगी घरमै isolation मा राखेर लक्षण अनुसार को उपचार गराउनुहुन समेत अनुरोध छ ।

**रोगको लक्षण :**

गाई भैसिमा ज्वरो सहित शरीरको विभिन्न भाग तथा भित्रि तहमा गाठागुठि देखिने , गाठागुठिबाट पानि बग्ने र पाक्ने ,पशु छटपटाउने ,दुब्लाउदै जाने ,खुट्टा खोच्याउने ,दुध उत्पादन घट्ने र मृत्यु समेत हुन सक्ने ।

**सर्ने माध्यम :**

लामखुट्टे ,झिंगा भुसुना र किर्ना आदिको टोकाईबाट

**उपचार :**

ठोस उपचार नभएको हुदा लक्षणअनुसारको उपचार गर्ने

**साबधानिका उपायहरु :**

१ गोठ र मलखादको दुरी १० मिटर कायम गर्ने

२ गोठमा नियमित रुपमा फिनेल पानीले सफा गर्ने सरसफाइमा विशेष ध्यान दिने

३ पशु बाध्ने गोठमा दिशा पिसाब तथा पानि जम्न नदिने

४ गोठ वरपरका खाल्टाखुल्टी पुर्ने ,लाखुट्टेका फुल नस्ट गर्न मट्टीतेल छर्कने

५ भुसुना तथा लामखुट्टेबाट जोगाउन साझमा गोठ धुँवाउने

६ गोठमा जैविक सुरक्षाका लागि अनाधिकृत रुपमा मानिसको आवजावत नगर्ने ,प्रवेश द्वारमा चुना पानीको ब्यबस्था गरि अनिवार्य रुपमा चुनमा टेकेरमात्र प्रवेश गराउने

७ संक्रमित स्थान तथा संक्रमणको उच्च जोखिमका स्थानबाट पशु खरिद नगर्ने

८ रोगि पशु लाइ निरोगी पशु संग नराख्रे /छुट्टै र्रखेर दानापानी ,उपचारको ब्यबस्था गर्ने

९ निरोगी पशुको स्याहार गरेर् पछी मात्र रोगि पशुको स्याहार गर्ने

१० रोगको जस्तो लक्षण देखिएमा रैनादेवी छहरा गा.पा पशु सेवा शाखा / भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र तानसेन पाल्पामा सम्पर्क गर्ने

पारस मणि पाण्डे
पशु सेवा शाखा
शाखा प्रमुख
पशु सेवा शाखा

दिनेश सारु
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत